# मिति २०८२।०५।३१ गतेको १३० औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिका कार्यालयमा कार्यरत लेखा अधिकृत हालसालै निवृत्त हुनुभएको र हालसम्म अर्को लेखा अधिकृतको व्यवस्थापन भइ नसकेको हुँदा हाललाइ यस नगरपालिकामा कार्यरत लेखापाल विष्णु कुमारी शर्मा लाइ लेखाको जिम्मेवारी दिइ प्रमुख प्रशासकीय अधिकृत र लेखापालको नामवाट वैङ्कखाता संञ्चालन गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय, स्याङ्जालाइ सिफारिस गरी पठाउने।

निर्णय नं २

यस नगरपालिका अन्तर्गतको आँधिखोलाका विभिन्न १३ वटा घाटहरुको आर्थिक वर्ष २०८१/८२ मा तयार भएको IEE प्रतिवेदन परामर्श सेवामार्फत नियमानुसार प्रक्रिया गरी अद्यावधिक गर्ने ।

निर्णय नं ३

भीरकोट नगरपालिका अन्तर्गतको खोलाबाट अवैध रुपमा चोरी निकासि/ढुवानी/डम्पिङ्ग गरेको नदिजन्य पदार्थको नगरपालिकाको प्राविधिकले मापन गरेबमोजिम परिमाणको तोकिए बमोजिमको रोयल्टि रकमको १० प्रतिशतले हुन आउने रकम जरिवाना निर्धारण गर्ने। साथै मिति २०८२ भाद्र ११ मा जिल्ला अनुगमन समितिले प्राविधिक नापजाँच गरेको आधिखोलाको किनारामा डम्पिङ्ग गरिएका अवैध निर्माण सामाग्री ५६७.५ घनमिटर मध्येबाट ७८.८४ घनमिटर परिमाणको तेज नारायण श्रेष्ठले मागदावि गरेको भनी वडा नं. ०४ कार्यालयवाट लेखिआएकाले निजलाइ नियमानुसार राजश्व र जरिवाना लिई अन्यको हकमा आवश्यक कारवाहिका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा लेखि पठाउने ।

निर्णय नं ४

चालु आ.व.२०८२/८३ का लागि नगरपालिकाको मिति २०८२/०१/३१ गतेको राजश्व परामर्श समितिको निर्णय बमोजिम आर्थिक ऐन,२०८२ मा तोकिएको जग्गाहरुको दररेट बमोजिमको मालपोत करको दर निर्धारण गर्ने ।

निर्णय नं ५

गत आ.व. २०८१/८२ मा भीरकोट नगरपालिकाबाट सम्पादित नीति, योजना तथा कार्यक्रमहरुको सन्दर्भमा वार्षिक समिक्षा कार्यक्रम मिति २०८२/६/८ गते बिहान ११.०० बजे आयोजना गर्ने।

निर्णय नं ६

भीरकोट नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत विद्यालय सहयोगी कर्मचारी, बालशिक्षा सहजकर्ता र विद्यालय लेखा कर्मचारीहरुलाइ चालु आ.व.२०८२/८३ मा संघिय सर्शत बजेटमा नपुग हुने रकम नगरपालिकावाट थप हुने गरी तपसिल बमोजिम पारिश्रमिक निर्धारण गर्ने।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

तपसिल

| क्र.स. | विद्यालयको कर्मचारीको पद | संघीय सशर्तबाट प्राप्त | नगरपालिकाबाट थप | कुल मासिक पारिश्रमिक रु. |
|---|---|---|---|---|
| १ | विद्यालय सहयोगी कर्मचारी | १०००० | ७००० | १७००० |
| २ | बालशिक्षा सहजकर्ता | १२००० | ५००० | १७००० |
| ३ | विद्यालय लेखा कर्मचारीहरु | १५००० | ४५०० | १९५०० |

निर्णय नं ७

भीरकोट नगरपालिका अन्तर्गत वडा नं. ४ मा आ.व.२०८१/८२ मा संचालित तपसिल बमोजिमको आयोजनाको तपसिल बमोजिम म्याद थप गर्ने ।

तपसिल

| आयोजनाको नाम | ठेक्का नं. | हाल म्याद कायम भएको अवधि | म्याद थप भएको अवधि | |
|---|---|---|---|---|
| Construction of swimming Pool Fountain and changing room at Bheerkot Park | BM/CSPFCK/NBC/10/081-82 | २०८२/०५/३० | २०८२ पौष मसान्त | |

निर्णय नं ८

ग्राण्ड एस के शिव जे.भी. निर्माण व्यवसायीले भीरकोट नगरपालिका वडा नं ४ अन्तर्गत संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीबाट आर्थिक वर्ष २०८१/८२ मा बजेट विनियोजन भई कार्यान्वयनमा रहेको एकीकृत शहरी विकास योजना, भीरकोट आयोजना निर्माणको क्रममा निस्केका ढुङ्गा, गिट्टी वालुवा लगायतका नदिजन्य पदार्थहरु अन्यत्र ढुवानी गरी प्रयोग गर्न पाउने/नपाउने सम्बन्धमा सम्बन्धित निर्माण व्यवसायिसँग आधिकारिक प्रमाण वा कागजात भए/नभएको यकिन गर्ने र सो नभएमा प्रचलित कानुन बमोजिम कारवाहि प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं ९

भीरकोट नगरपालिका कार्यकालयको लागि आवश्यक १ जना मेकानिकल सब-इन्जिनियर करार सेवामा पदपुर्ति गर्ने । साथै नगरपालिकाले खरिद गरेको टिप्पर चालकको पदपुर्ति प्रक्रिया अगाडि बढाउने ।

लक्ष्मण नेम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १०

संघिय सरकारको विशेष अनुदान कृषि तथा पशु विकास तर्फको एकिकृत कृषि विकास कार्यक्रम शिर्षकको बजेट रकम रु ६७ लाख तपसिल बमोजिम विनियोजन गर्ने ।

तपसिल

| क.स. | कार्यक्रम शिर्षक | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १. | खायन आलु उत्पादन कार्यक्रम | १०,००,००० | ५०% अनुदान |
| २. | साझेदारीमा फलफुलको विरुवा वितरण कार्यक्रम | ४,००,००० | ५०% अनुदान |
| ३. | जिल्ला वन कार्यालयसँग साझेदारी | १,००,००० | |
| ४. | अभियानमुखी बाली उपचार कार्यक्रम | १,५०,००० | |
| ५. | वैमौसमी तरकारी खेति प्रवर्द्वन कार्यक्रम | ३,५०,००० | |
| ६. | साझेदारीमा कृषि औजार, मेशिनरी, उपकरण वितरण र मर्मत कार्यक्रम | १०,००,०००/- | ५०% अनुदान |
| ७. | सिंचाई कुलो निर्माण | १०,००,०००/- | |
| ८. | आधुनिक सिंचाई प्रविधि निर्माण एवं वितरण कार्यक्रम | ३,००,०००/- | |
| ९. | खानेपानि पाइप खरिद | ५,५०,०००/- | |
| १०. | व्यवसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम | ९,००,०००/- | |
| ११. | हिउदे तथा बर्षे घाँसको बिउ तथा बेर्ना बितरण | १,५०,०००/- | ५०% अनुदान |
| १२. | कृषकको क्षमता विकासको लागि पशुपालन तालिम संचालन | २,००,०००/- | |
| १३. | कृत्रिम गर्भाधान कार्यक्रम | १,५०,०००/- | |
| १४. | अनुदान कार्यक्रम अनुगमन एवं मुल्यांकन | ३,००,०००/- | |
| १५. | रागो पाल्ने लाइ प्रोत्साहन | १,५०,०००/- | |
| | जम्मा | ६७,००,००० | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं ११

नेपालिहरुको महान चाड वडादशैको अवसरमा भीरकोट नगरपालिका अन्तर्गतका कोट तथा मन्दिर एवं अन्य कार्यालयमा दुर्गा पुजा तथा वली व्यवस्थापनका लागि देहायको रकम विभिन्न जनजातीको संस्कृति जगेर्ना कार्यक्रम शिर्षकबाट खर्च गर्ने गरी विनियोजन गर्ने ।

तपसिल

| क्र.स. | मन्दिर/कोट/कार्यालय | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | ढापुककालिका मन्दिर वडा नं. ०८ | १०,०००। | |
| २ | कालिकोट मन्दिर वडा नं. ०९ | १०,०००। | |
| ३ | देउरालि मन्दिर वडा नं. ०६ | १०,०००। | |
| ४ | दबुङ कालिका मन्दिर वडा नं. ०४ | १०,०००। | |
| ५ | स्वरेक मन्दिर वडा नं. ०५ | १०,०००। | |
| ६ | खिलुङ कालिका मन्दिर वडा नं. ०७ | १०,०००। | |
| ७ | प्रहरी चौकि दहथुम | २०,०००। | |
| ८ | सिरकोट प्रहरी | १०,०००। | |
| ९ | भीरकोट नगरप्रहरी | १०,०००। | |
| १० | भीरकोट वडामौला कालिका मन्दिर १,२,३ | ६०,०००। | |

निर्णय नं १२

भीरकोट नगरपालिका अन्तर्गतको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत अन्जु सापकोटाले देश तथा विदेश स्थित शिक्षण संस्थाहरुमा Master In Public Health(MPH) अध्ययनका लागि गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन,२०७९ तथा नियमावलि,२०८० बमोजिम पूर्वस्वीकृति दिने ।

निर्णय नं १३

भीरकोट नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत साविकमा छैठौं तहमा नियुक्ति सोहि वमोजिम करार सम्झौता भएकोमा स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि,२०८२ को परिच्छेद ३ को दफा ६ बमोजिम मिति २०८२/०४/०१ गतेदेखि लागु हुनेगरी सातौ तह कामय गर्ने ।

निर्णय नं १४

मिति २०८२/०५/२३ र २४ गते देशव्यापी रुपमा जेन जी (Gen Z) समूहद्वारा देशका बिभिन्न स्थानमा भएका आन्दोलनको क्रममा भएको धनजनको क्षति तथा मृतकप्रति भावपूर्ण श्रदाञ्जलि अर्पण गर्ने साथै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दै शोक प्रस्ताव पारित गर्ने ।

त्रिलोचन लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख